**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०६ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- **पश्चिम बंगालमा नयाँ भाजपा सरकारको शपथ ग्रहण समारोह ९ मईमा ब्रिगेड परेड ग्राउन्डमा हुँनेछ।**
- **भारतीय निर्वाचन आयोगले पश्चिम बंगालका मुख्य सचिव, पुलिस महानिर्देशक र केन्द्रीय सशस्त्र पुलिस बललाई चुनावपछि हुने हिंसाका कुनै पनि घटनाप्रति 'शून्य सहनशीलता' लागू गर्न निर्देश दिएको छ।**
- **सरकारले देशभरि घरेलु एलपीजी वितरण सामान्य रूपमा जारी रहेको बताएको छ ।**
- **दार्जीलिङ पहाडका नगरपालिकाहरूमा आधिकारिक कागपत्रहरूको सुरक्षा र संरक्षणको बारेमा भारतीय जनता पार्टी मिरिक मण्डल कमिटिले मिरिक महकुमा अधिकारीलाई बुझाए ज्ञापन ।**

**पश्चिम बंगाल - भाजपा सरकार -शपथ ग्रहण -9 मई**

पश्चिम बंगालमा नयाँ भाजपा सरकारको शपथ ग्रहण समारोह ९ मईमा ब्रिगेड परेड ग्राउन्डमा हुँदैछ। राज्य भाजपा अध्यक्ष समिक भट्टाचार्यले कार्यक्रम बिहान १० बजे शुरु हुने बताउनु भएको छ । कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह र भाजपा शासित राज्यका कैयौँ मुख्यमन्त्रीहरु सामेल हुने बताइएको छ। ब्रिगेड परेड ग्राउन्ड ऐतिहासिक रूपमा बङ्गालमा प्रमुख राजनीतिक रैलीहरु र जन आन्दोलनहरूको केन्द्र भएकाले यस स्थलको चयन प्रतीकात्मक रहेको छ। पार्टी सुत्र अनुसार, केन्द्रीय गृहमन्त्री अमित शाह आज कोलकाता आउँदै हुनुहुन्छ र भाजपाका नवनिर्वाचित विधायकहरूसँग बैठक गरेर भाजपा विधायक दलको नेताको नामको घोषणा गर्न सक्ने सम्भावना रहेको छ ।

1-Byte संवाददाता -संदीपन

**भारतीय निर्वाचन आयोग- निर्देश**

भारतीय निर्वाचन आयोगले पश्चिम बंगालका मुख्य सचिव, पुलिस महानिर्देशक र केन्द्रीय सशस्त्र पुलिस बललाई चुनावपछि हुने हिंसाका कुनै पनि घटनाप्रति 'शून्य सहनशीलता' लागू गर्न निर्देश दिएको छ। आयोगले स्थलगत अवस्थाको समीक्षा गरी जारी गरेको निर्देशमा विधानसभा चुनाउको परिणामपछि शान्ति सुरक्षा कायम गर्न कठोर र तत्काल कारवाही गर्नुपर्ने कुरामा जोड दिएको छ। निर्वाचन आयोगले राज्य प्रशासन र सुरक्षा एजेन्सीहरूलाई चुनावी परिणामसँग सम्बन्धित धम्की, प्रतिशोध वा झडप रोक्न सबै आवश्यक कदमहरू चाल्न आग्रह गरेको छ। निर्वाचन आयोगले अधिकारीहरूलाई सबै नागरिकहरू, विशेष गरी जोखिममा रहेका समूह र राजनीतिक कार्यकर्ताहरूको सुरक्षा सुनिश्चित गर्न र संवेदनशील क्षेत्रहरूमा सुरक्षा बलको उपस्थिति कायम राख्न पनि निर्देश दिएको छ। वरिष्ठ अधिकारीहरूलाई सतर्क रहन र राज्यभरिबाट रिपोर्ट गरिएको कुनै पनि घटनामा द्रुत प्रतिक्रिया दिन भनिएको छ। चुनाउ परिणामको घोषणापछि हिंसाका छिटपुट घटनाहरूको चिन्ताको बीचमा यो निर्देश आएको हो। निर्वाचन आयोगका अधिकारीहरूले भनेको छ , केन्द्रीय सशस्त्र पुलिस बलले पश्चिम बंगाल पुलिसलाई शान्ति कायम गर्न सहयोग जारी राख्नेछ, जबकि जिल्ला प्रशासनलाई स्थितिलाई नजिकबाट निगरानी गर्न र सबै तहमा जवाफदेहिता सुनिश्चित गर्न भनिएको छ।

**निर्वाचन आयोग - आईटी प्लेटफॉर्म ईसीआईनेट**

निर्वाचन आयोगको सशक्त आईटी प्लेटफर्म ECINet ले विधानसभा चुनाव र उप-चुनाव २०२६ को समयमा वास्तविक समय निगरानी र पारदर्शिता बढाउने सहित चुनाउ प्रक्रियालाई सुव्यवस्थित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। ईसीआईले भनेको छ ईसीआई नेट एपको प्रयोगमा उल्लेखनीय वृद्धि भएको छ र अहिलेसम्म १० करोड भन्दा अधिक डाउनलोड गरिएको छ। एपले

९८.३ करोड भन्दा अधिक  हिट्सहरू रेकर्ड गरेको छ र ४ मई मा गणनाको दिन प्रति मिनेट औसत ३ करोड हिट्सहरू रेकर्ड गरिएको थियो। यस एपको साइबर सुरक्षा प्रोटोकलले गणनाको दिन भारत र विदेशबाट उत्पन्न ६८ लाख भन्दा अधिक दुर्भाविनापूर्ण आक्रमणहरूको सामना गर्‍यो, जसले परिणाम पोर्टलहरू सहित प्रमुख चुनावी प्लेटफर्महरूलाई लक्षित गर्‍यो। निर्वाचन आयोग अनुसार, मतगणनाका दिन पहिलो पटक क्यूआर कोडमा आधारित फोटो परिचयपत्र प्रणालीको पनि प्रयोग गरिएको हो।

## सरकार - घरेलू एलपीजी वितरण

सरकारले भनेको छ , देशभरि आन्तरिक एलपीजी वितरण सामान्य रूपमा जारी छ र कुनै पनि एलपी वितरकबाट आपूर्तिको कुनै कमी आएको छैन। पेट्रोलियम एवम् प्राकृतिक ग्यास मन्त्रालयकी सहसचिव सुजाता शर्माले नयाँ दिल्लीमा आयोजित अन्तर-मन्त्रालय पत्रकार सम्मेलनमा भन्नुभयो, "पश्चिम एसियाई संकटको समयमा घरेलु एलपीजी उपभोक्ताहरूलाई खाना पकाउने १०० प्रतिशत र व्यावसायिक एलपीजी उपभोक्ताहरूलाई ७० प्रतिशत आपूर्ति सुनिश्चित गर्न सरकारले सबै प्रयास गरिरहेको छ। उहाले अझ जानकारी दिनुहुदै भन्नुभयो - लगभग 95% एलपीजी सिलिन्डरहरू प्रमाणीकरण कोडको माध्यमबाट डेलिभरी भइरहेको छ। संयुक्त सचिवले जानकारी दिदै भन्नुभयो - लगभग 6 लाख 31 हजार नयाँ पीएनजी कनेक्शनहरू ग्यासीकृत गरिएको छ र थप 2 लाख 67 हजार कनेक्शनहरूको लागि बुनियादी ढाचा बिकास पनि सिर्जना गरिएको छ। संयुक्त सचिवले भने कि अहिलेसम्म 6 लाख 93 उपभोक्ताहरू पीएनजी कनेक्शनका लागि पंजीकृत छन्।

## मिरिक – महकुमा अधिकारीलाई ज्ञापन

दार्जीलिङ पहाडका नगरपालिकाहरूमा आधिकारिक कागपत्रहरूको सुरक्षा र संरक्षणको बारेमा चिन्ता व्यक्त गर्दै आज भारतीय जनता पार्टी (भाजपा) मिरिक मण्डल कमिटीका नेताहरूले आज मिरिकस्थित महकुमा अधिकारीलाई एक ज्ञापन बुझाए, जसमा प्रतिनिधिमण्डलको नेतृत्व दार्जिलिङ जिल्ला भाजपा प्रवक्ता अनुप गदाल, मिरिक मण्डल अध्यक्ष अमर राणा, वरिष्ठ पार्टी सदस्य पूनम विश्व र अन्य स्थानीय पार्टी नेताहरु तथा कार्यकर्ताहरू उपस्थित थिए। टोलीले मिरिक महकुमा शासक कार्यालयमा महकुमा शासक , कोष अधिकारी मिरिक र मिरिक महकुमा पुलिस अधिकारीलाई पनि  ज्ञापनपत्र बुझाए।ज्ञापनपत्रमा खर्साङ कालेबुङ , मिरिक र दार्जीलिङ नगरपालिकाहरूमा संवेदनशील कागपत्रहरूको सम्भावित छेडछाड वा विनाशको बारेमा आशंकाहरू उजागर गरिएको छ। भाजपा नेताहरूले कथित अनियमितताको पारदर्शी जाचलाई सहज बनाउन सबै आधिकारिक रेकर्डहरूको कठोर सुरक्षा सुनिश्चित गर्न प्रशासनलाई आग्रह गरेको छ। दार्जीलिङका सांसद राजु बिष्टले पश्चिम बंगालका मुख्य सचिवलाई लेखेको हालैको पत्रपछि ज्ञापन दिने कार्यक्रम भएको हो, जहाँ उनले महत्वपूर्ण नगरपालिकाका कागजपत्रहरू सुरक्षित गर्न तत्काल हस्तक्षेप गर्न आग्रह गरेका थिए। आफ्नो पत्रमा, उनले पहाडका नागरिक निकायहरूमा भएको कथित भ्रष्टाचारको जाचका लागि महत्त्वपूर्ण हुन सक्ने अभिलेखहरूको संरक्षणको आवश्यकतामा जोड दिएका छन्।

## सांसद राजु बिस्ट -कालेबुंग

दार्जीलिंगका लोकसभा सांसद राजु विस्टले आज कालेबुंगमा एक कार्यक्रममा भाग लिनुहुदै कालेबुंगका मानिसहरूलाई भारतीय जनता पार्टीलाई समर्थन गर्दै कालेबुंगका छोरा भरत छेत्रीलाई बिधायक को रुपमा निर्वाचित गरेकोमा धन्यवाद प्रकट गर्नु भएको छ । संसद बिस्टले भन्नुभयो – दार्जीलिंग कालेबुंग र खर्सांग लगायत तराई डुवर्स क्षेत्रका जनताले भाजपा र प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा सबैभन्दा बलियो जनादेश दिएका छन्। निर्णायक जनादेशले आफ्नो जीवनमा सकारात्मक परिवर्तन ल्याउन भाजपाको क्षमताप्रति जनताको विश्वास र विश्वासलाई जोड दिएको छ। उहाले उपस्थित कार्यकर्ताहरूलाई सम्बोधन गर्दै क्षेत्रको पुनर्निर्माण गर्ने, विश्वस्तरीय स्वास्थ्य सुविधाहरू, विद्यालयहरू, कलेजहरूको व्यवस्था गर्ने, प्रत्येक गाउँमा सडकहरु निर्माण गर्ने, स्वच्छ र सुरक्षित पिउने पानी उपलब्ध गराउने, रोजगारका अवसरहरू सिर्जना गर्ने र जनताको समग्र कल्याण सुनिश्चित गर्न भाजपा प्रतिबद्ध रहेको बताउनु भएको छ। कार्यक्रममा भाजपा दार्जीलिङका अध्यक्ष संजीव लामा , कालेबुंगका बिधायक विधायक भरत छेत्री , खर्सांगका विधायक सोनम लामा , स्वतन्त्र जीटीए सभासद पाल्देन तामाङ , गोरामुमोका सबेस्टियन प्रधान, क्रामाकपाबाट सुधन प्रधान अनि भाजपाका वरिष्ठ जिल्ला नेतृत्वहरू पनि उपस्थित थिए।

**पश्चिम बंगाल -नया मुख्य चुनाव अधिकारी भेटघाट**

पश्चिम बंगालमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढेको छ । आज राज्यका मुख्य चुनाउ अधिकारी मनोजकुमार अग्रवालले लोकभवन पुगेर राज्यपाल आरएन रविसँग भेट गर्नुभयो । उहाको साथमा चुनाउ आयोगको उच्चस्तरीय प्रतिनिधिमण्डल पनि उपस्थित थियो । यस समयमा चुनाउ आयोगद्वारा नयाँ विधानसभाको गठनको लागि जारी आधिकारिक अधिसूचना राज्यपाललाई हस्तान्तरण गरिएको थियो। यसका साथै बर्ष २०२६ को विधानसभा चुनावमा विजयी भएका २९४ सिटका उम्मेदवारहरूको प्रमाणपत्रसँग सम्बन्धित कागजपत्रहरू पनि पेश गरिएको थियो। लोकभवनको ऐतिहासिक थ्रोन हॉल' मा राज्यपाल र चुनाउ आयोगका अधिकारीहरूबीच लामो चर्चा भएको थियो। बैठकपछि सबै अधिकारीहरुले सँगै फोटो सेसनमा पनि भाग लिएका थिए । यो बैठकसँगै राज्यमा नयाँ सरकार गठनको बाटो पूर्णरुपमा स्पष्ट भएको र अब सरकार गठनको अन्तिम तयारीलाई तीव्रता दिइएको छ ।

**केंद्रीय अन्वेषण ब्यूरो-सीबीआई**

केन्द्रीय अन्वेषण ब्यूरो, सीबीआईले भारतीय नागरिकहरूलाई साइबर दासत्वमा धकेल्ने सिन्डिकेटको पर्दाफास गरेको छ। सीबीआई अनुसार, यो गिरोहले भारतीय नागरिकलाई आकर्षक वैदेशिक रोजगारको प्रलोभन देखाएर दक्षिण–पूर्वी एसियाई देशहरुमा पठाईरहेका थिए । सीबीआईले उत्तर प्रदेशका मुम्बई, दिल्ली, लखनउ, काशीपुर, गोन्डा र सहारनपुर जिल्लाका नौ स्थानमा छापा मारेको थियो । यो कार्वाही ब्यापक राष्ट्रव्यापी जाचपछि गरिएको हो जसमा पीडितहरुको बयान दर्ता गरिएको थियो ।

**विधानसभा चुनाव – नया सरकार -रेल परियोजना**

विधानसभा चुनावमा नयाँ सरकार गठनको तयारीका बीच पश्चिम बंगालमा लामो समयदेखि रोकिएका धेरै रेल परियोजनाहरू पूरा हुने आशा बढेको छ। अब राज्यमा 'डबल इन्जिन' सरकार बनेपछि भुमि अधिग्रहणको समस्या समाधान हुने र परियोजनाले गति लिन सक्ने अधिकारीहरूको विश्वास छ । रेलवेका अनुसार राज्यमा लगभग ६८ हजार करोड रुपियाको ४२ वटा रेल परियोजनाको घोषणा गरिएको छ । तर, यी परियोजनाहरुका लागि आवश्यक पर्ने भूमिको २७ प्रतिशत मात्र रेलवेलाई हालसम्म उपलब्ध भएको छ । लगभग ७३ प्रतिशत भूमि अधिग्रहण लामो समयदेखि अड्किएको छ, जसको कुल आयतन लगभग चार हजार ६६२ हेक्टर छ ।सबैभन्दा प्रमुख परियोजनाहरू मध्ये कोलकाता मेट्रोको ओरेन्ज लाइन (कवि सुभाष देखि एयरपोर्टसम्म) को निर्माण हो। चिङदीघाट क्षेत्रमा लगभग ३७७ मिटरमा पिलर नहुँदा लामो समयदेखि काम रोकिएको थियो । रेल अधिकारीहरूको आरोप छ , यातायात अवरुद्ध गरेर काम सुरु गर्न धेरै प्रयास गरिएको थियो, तर राज्य सरकारबाट अनुमति प्राप्त भएन। यसबाहेक तारकेश्वर–विष्णुपुर (८३ किलोमिटर) रेलको काम पनि जमिनको विवादका कारण रोकिएको छ । स्थानीय आन्दोलनका कारण सन् २०१६ देखि गोघाट–कमारपुकुर खण्डको काम रोकिएको थियो । देशप्रान–नन्दीग्राम (१८.५ किलोमिटर) रेल परियोजना पनि सन् २००९–१० देखि जग्गा अधिग्रहणको समस्यामा फसेको छ । भूमिको समस्याका कारण नैहाटीदेखि रानाघाटसम्मको तेस्रो रेलमार्गको काम पनि अघि बढ्न सकेको छैन । यो शाखा निकै व्यस्त मानिन्छ र रेलको संख्या बढाउनका लागि तेस्रो लाइन आवश्यक छ । रेलवे सुत्र अनुसार चान्डिल–अनारा–बर्नपुर शाखाको तेस्रो लाइन र जलेश्वरदेखि दिघासम्म नयाँ रेल लाइन बिछयाउने काम पनि जमिनको समस्याका कारण रोकिएको छ । नवद्वीप घाटदेखि नवद्वीप धामसम्म रेलमार्ग निर्माण गर्ने योजना पनि लामो समयदेखि अधुरै छ ।

**पश्चिम बंगाल - विधानसभा चुनाव -शंकर घोष**

पश्चिम बंगाल विधानसभा चुनावमा भारतीय जनता पार्टीले उत्तर बंगालमा शानदार प्रदर्शन गरेर तृणमूल कांग्रेसलाई लगभग सफाया गरिसकेको छ । सिलिगुडी विधानसभा सिटमा भाजपाका शंकर घोष विजयी भएका छन् ।राज्यमा भारी बहुमतका साथ सरकार बनाउने दिशामा अघि बढिरहेको भाजपा जनताको अपेक्षा अनुसार चल्ने प्रयास गर्ने श्रे घोषले बतौअनु भएको छ ।श्री घोषले शहरको विकासका लागि आफूले सबै सम्भव कदम चाल्ने र विशेष गरी पिउने पानी र नागरिक सेवामा ध्यान केन्द्रित गर्ने बताउनु भएको छ । उहाले विकासका विषयमा पूर्वमेयर गौतम देव र मार्क्सवादी कम्युनिस्ट पार्टीका वरिष्ठ नेता अशोक

भट्टाचार्यसँग परामर्श गर्न आफू तयार रहेको बताउनु भएको छ ।उल्लेखनीय छ, शंकर घोषले लगातार दुई चुनावमा सहरका दिग्गज नेताहरूलाई पराजित गरेर 'जायन्ट किलर'को छवि बनाईसक्नु भएको छ । उहाले बर्ष २०२१ मा माकपा का दिग्गज नेता अशोक भट्टाचार्यलाई पराजित गरेका थिए भने बर्ष २०२६ मा पूर्वमन्त्री तथा सिलगुडीका मेयर गौतम देवलाई ठूलो मतान्तरले पराजित गरेका थिए।

**सिलगादी -शिक्षा संस्थान - अखिल भारतीय विद्यार्थी परिषद**

अखिल भारतीय विद्यार्थी परिषद ए.बी.भी.पी ले शैक्षिक संस्थानहरूमा "राजनीतिक रंग" र विद्यार्थी युनियन चुनावको मागको विरोधमा सिलिगुडीको बाबुपाडास्थित विद्यार्थी कल्याण भवनमा पत्रकारहरूसँग बातचीत गरेको छ I

**********